# साकार कृषि सहकारी संस्था लि.

राप्तीसोनारी गाँउपालिका वडा नं.६

टेपरी बाँके

ऋण नीति २०७१ पुनरलेखन २०७६

# साकार कृषि सहकारी संस्था लि.राप्तीसोनारी गाँउपालिका वडा नं.६
# टेपरी बाँके
# ऋण नीति २०७१ पुनरलेखन २०७६

## परीच्छेद १

**१. प्रस्तावना** यस संस्थामा आवद्ध सदस्यहरुले संस्थावाट सहुलियत व्याजदरमा सरल तरिकाले शिघ्र ऋण प्राप्त गरि आयआर्जनमा लगाई समुन्नत आर्थिक तथा सामाजिक गतिविधीका माध्यमवाट सन्तुलित विकासमा सघाउ पुगोस भन्ने उदेश्यले यो **ऋण नीति २०७१ पुनरलेखन२०७६** जारी गरिएको छ ।

२ यो **ऋण नीति २०७१ पुनरलेखन२०७६**मिती २०७६ साल फागुन ०१ गतेदेखी लागु हुनेछ ।

**३ परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस **ऋण नीति २०७१ पुनरलेखन२०७६मा**

क) **संस्था** भन्नाले साकार कृषि सहकारी संस्था लि. लाई सम्झनुपर्दछ ।

ख) **समूह** भन्नाले संस्थामा आवद्ध वचत समूहलाई सम्झनुपर्दछ ।

ग) **ऋण नीति २०७१ पुनरलेखन२०७६**भन्नाले यो **ऋण नीति २०७१ पुनरलेखन२०७६** लाई जनाउनेछ ।

घ) **सदस्य** भन्नाले संस्थाका वचतकर्ता शेयर सदस्यलाई जनाउनेछ ।

ङ)**बचत** भन्नाले सदस्यले आफु संग भएको रकम संस्थमा जम्मा गरी चाहिएको बेला फिर्ता लैजाने रकम लाई बचत भनि सम्झलनु पर्ने छ ।

च) **शेयर सदस्य** भन्नाले संस्थाको नियम अनुसार शेयर कित्ता किनेको र प्रबेश शुल्क बुझाई संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने व्यक्तिलाई जनाउनेछ ।

छ) **ऋणी** भन्नाले संस्थाको रकम निश्चित समय र सिमा कालागी ब्याज तिर्ने हेतुले साँवा ब्याज फिर्ता गर्ने गरी संस्थाकाट तमसुक बनाई लिएकोल रकम लाई बुझाउनेछ ।

ज) **ऋणी** सदस्य भन्नाले संस्थाको रकम निश्चित समय र सिमा कालागी ब्याज तिर्ने हेतुले साँवा ब्याज फिर्ता गर्ने गरी संस्थाकाट तमसुक बनाई ऋण लिएको सदस्य लाई बुझाउनेछ ।

झ) **भाखा नाघेको ऋण** भन्नाले कर्जा बुझाउने समय म्याद सकिए पनि रकम बुझाउन बाँकि रहेको कर्जा रकम तिर्न आना कानि गरेको कर्जा रकम लाई भाखा नाघेको ऋण भन्ने बुझाउनेछ ।

## परीच्छेद २

**१ कर्जा उप समिति गठन**

क) कर्जा लाई व्यवस्थित बनाउन तथा कर्जा मुल्यांकन र अनुगमण असुलि धितो मूल्यांकन का साथै अन्य कर्जा संग सम्वधित सबै कार्य गर्न गराउन कालागी साभारण सभाले संचालक समितिको एकजना संयोजक हुने गरी दुई जना शेयर सदस्य बाट निर्वाचित गरी तिन सदसिय कर्जा उप समिति गठन गरीनेछ ।

ख) सो समितिको काम कर्तब्य बिनियम २०६८मा तोके बमोजिम हनेछ ।

ग) ऋण उपसमितीको वैठक आवश्यक्तानुसार वस्नेछ ।

घ) ऋण मागकर्ताले दिएको धितो निरिक्षण तथा मूल्यांकन गरि ऋण स्वीकृतको लागि सिफारिस गर्नु ऋण उपसमितीको कर्तव्य हुनेछ ।

ङ) धितो निरिक्षण तथा मूल्यांकनको प्रयोजनको लागि सम्वन्धित अचल सम्पती रहेको स्थानमा जाने उपसमितीका सदस्यलाई संचालक समितीले निर्धारण गरे वमोजिमको खाजा खर्च दिइनेछ ।

## परीच्छेद ३

**१ ऋण लगानी सदस्यताको योग्यता**

संस्थावाट ऋण प्राप्त गर्नको सदस्यले देहायमा लेखिएका योग्यता पुरा गर्नुपर्नेछ ।

क) संस्थाको नियमित सदस्य भएको हुनुपर्नेछ ।

ख) नियमित वचत गरेको हुनुपर्ने ।

ग) संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा ३ महिना पुरा भएको हुनुपर्ने ।

घ) बचत खातामा कम्तिमा १५००/–रुपैया मौज्दात रकम हुनुपर्नेछ ।

ङ)संस्था दर्ता गर्दा खेरी का सदस्यलाई भने तिनमहिना को समयावधि को लागु हुनेछैन ।

च)सदस्य कार्यक्षत्र भित्र स्थाई रुपले बसोवास गर्ने सदस्य हुनुपर्ने छ ।

## परीच्छेद ४

**१. कर्जाका प्रकार**

**क) ब्यावसायिक तथा घरेलु लघु उद्यम कर्जा**

यस कर्जा अर्न्तगत ब्यावसायि सदस्यले आफ्नो ब्यापार ब्यावसाय गर्न सुरु तथा संचालन गर्न आवश्य रकम संस्था बाट कर्जा स्वरुपमा लिई आफनो कार्य ,ब्यावसाय संचालन गरी समयमा रकम फिर्ता गर्ने कर्जालाई **ब्यावसायिक तथा घरेलु लघु उद्यम कर्जा** भनिनेछ ,सो कर्जा अर्न्तगत धितो तथा बिना धितोमा सदस्यलाई आवश्यता अनुसार कर्जा प्रदान गरीने छ। बिना धितो कर्जाकालागी पहिलो पटक रु ३००००/– (अक्षेरुपि तिस हजार मात्र) लगानि गरीनेछ । सो कर्जा अर्न्तगत बार्षिक ब्याजदर १६% घटदोकममा लाग्नेछ । यो कर्जाको अवधि एक बर्ष देखि रकमको अनुपात हेरी ५ बर्ष सम्म हुनेछ । ब्याज मासिक र त्रैमासिक किस्ता बन्दिमा कर्जा बुझाउनु पर्नेछ । यस कर्जा अर्न्तगत दैनिक रुपमा पनि साँवा तिर्न सकिनेछ । कुनै पनि मासिक ब्याज र त्रैमासि किस्तामा छुट हुनेछैन , कुनै कारण बस तिर्न नसकि छुट्न गएमा मासिक २% का दर ले ब्याज र किस्ताको अलग अलग बिलम्व शुल्क तिर्नु पर्नेछ ।

**ख).कृषि खेति तथा पसुपालन कर्जा**

यस कर्जा अर्न्तगत खेति तथा पसुपालन सदस्यले आफ्नो कृषि तथा पसुपालन ब्यावसाय गर्न सुरु तथा संचालन गर्न आवश्य रकम संस्था बाट कर्जा स्वरुपमा लिई आफनो कार्य ,ब्यावसाय संचालन गरी सम्झौता समयमा रकम फिर्ता गर्ने कर्जालाई **कृषि खेति तथा पसुपालन कर्जा** भनिनेछ ,सो कर्जा अर्न्तगत धितो तथा बिना धितोमा सदस्यलाई आवश्यता अनुसार कर्जा प्रदान गरीने छ। बिना धितो कर्जाकालागी पहिलो पटक रु ३००००/– (अक्षेरुपि तिस हजार मात्र) लगानि गरीनेछ । सो कर्जा अर्न्तगत बार्षिक ब्याजदर १६% घटदोकममा लाग्नेछ । यो कर्जाको अवधि एक बर्ष देखि रकमको अनुपात हेरी ५ बर्ष सम्म हुनेछ । ब्याज मासिक र त्रैमासिक किस्ता बन्दिमा कर्जा बुझाउनु पर्नेछ । यस कर्जा अर्न्तगत दैनिक रुपमा पनि साँवा तिर्न सकिनेछ । कुनै पनि मासिक ब्याज र त्रैमासि किस्तामा छुट हुनेछैन , कुनै कारण बस तिर्न नसकि छुट्न गएमा मासिक २% का दर ले ब्याज र किस्ताको अलग अलग बिलम्व शुल्क तिर्नु पर्नेछ ।

**ग). अत्यवश्क कर्जा**

सदस्यलाई अत्यावश्क रुपमा तुरुन्त चाहिने कर्जालाई **अत्यवश्क कर्जा भनिनेछ ।** सो अर्न्तगत सदस्य आफै तथा परीवारको कुनै सदस्य बिरामी भए तथा अन्य कुनै कारण बस तुरुन्त चाहिएमा , ब्यावस्थापक तथा ब्यावस्थापक ले तोकेको ब्यक्तिले सम्पुर्ण कागजात पुगेको १ घण्टामा कर्जा प्रदान गरीनेछ । सो कर्जाको ब्याजदर बार्षिक १६%ब्याजदर तथा अन्य सुबधा सुल्क अन्य कर्जा सरह हुनेछ ।

**घ).परीयोजना कर्जा**

यस कर्जा अर्न्तगत कुनै परीयोजना बनाई कार्य गर्न ईच्छुक भए सो परीयोजना का लागी परीयोजना पत्र बनाएर संस्थामा पेस गरेपछि सो परीयोजना संस्था संग मेल खाने संस्थाको प्रगति बिकासमा सहयोग

हुने खालको संस्थाको उद्धेश्य अनुसारको भए संचालक समितिको अनुगमन बाट समिति सन्तुस्ट भए सोका लागी यो कर्जा प्रदान गरीनेछ ।यसकर्जा को ब्याजदर १४देखि १५ % सम्म हनेछ । यस कर्जाका लागी बिना धितो रु २००००० (अक्षरुपि दुईलाख रुपैया ) सम्म दिईनेछ ।र अन्य सेवा सुबिधि र शुल्क अन्य सबै कर्जा सरह हुनेछ ।

## परीच्छेद ५

**१.कर्जा माग गर्दा आवश्यक कागजात**

**अ) पहिलो पटकका लागीमात्र (बिनाधितो)**

क) संस्थाले बनाएको अनुसुचि १अनुसारको कर्जामाग फारम

ख नागरीताको प्रमाण पत्र को प्रतिलिपि

ग)दुई प्रति पासपोर्ट साईजको फोटो

घ))शेयर प्रमाण पत्रको फोटोकपि

ङ) )समुह तथा ब्यत्तिगत जमानि

च) पारीवारीक मन्जुरीनामा

छ). लगानि पुर्व कर्जा अवलोकन फारम

ज). लेखापरिक्षण प्रतिवेदन (फर्म अथवा संस्थाको हकमा मात्र) १ प्रति

झ). नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

**आ) पहिलो पटकका लागीमात्र (धितोमा)**

संस्थाले बनाएको फर्मेटमा कर्जामाग फरम

क) नागरीताको प्रमाण पत्र को प्रतिलिपि

ख)दुई प्रति पासपोर्ट साईजको फोटो

ग)शेयर प्रमाण पत्रको फोटोकपि

घ) जग्गा धनि पुर्जा

ङ) चारकिल्ला प्रमाणीत

च)तिरोतिरेको रसिद चालु आ.व. को

छ) ट्रस तथा ब्लु नक्सा

ज) जग्गा मुल्यांकन प्रतिबेन

झ)पारीवारीक मान्जुरी नामा

ञ) ब्यक्तिगत जमानि

ट) मालपात कार्यलय बाट रोक्का रकम उल्लेख पत्र तथा दृष्टि बन्धक कागज ।

ठ) सो मा उल्लेख भएको रकम भन्दा बढि अर्को पटक कर्जा लिनु परेमा फेरी माथिका सम्पुर्ण कागजात हरु जुटाउनु पर्ने छ। साथै सोहि धितो बन्धकमा कर्जा मालपोत कार्यलयको पत्र बरावर नै लिन चाहेपनि पारीवारीक मन्जुरीनामा अनिवार्य हुनुपर्नेछ । साथै धितो दिएको अचल सम्पती संस्थावाट निर्धारित प्रक्रिया पुरा गरि मुल्यांकान गरिने र मूल्यांकित अंकको ६० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सकिनेछ ।

ड) कसैको अचल सम्पती धितो राखि कुनै सदस्यले ऋण लिएकोमा माग भएको ऋण भन्दा धितोको वढी मूल्यांकन भइ कम ऋण प्रवाह भएको अवस्थामा धितोवाला आफै वा अरु कसैले थप ऋण माग गरेमा सो धितोले खाम्ने हदसम्म धितोवालाको सहमतीमा थप ऋण प्रदान गर्न वाधा पर्नेछैन ।

ढ) संस्थाको कार्यक्षेत्रले छोएको छिमेकी वडा भन्दा वाहिरको अचल सम्पती धितो/जमानत स्वीकार गर्नेछैन ।

ण. लेखापरिक्षण प्रतिवेदन (फर्म अथवा संस्थाको हकमा मात्र) १ प्रति

त. नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

थ)संस्थाले बनाएको फर्मेटमा कर्जामाग फरम

## परीच्छेद ६

**१.लगानि गर्ने प्रकृया**

माथि उल्लृखित कागजात सबै तयारी अवस्थामा भए संस्थाले सोको मुल्लायंकनका आधारमा रु ३००००/–तिस हजार सम्म ब्यावस्थापक तथा ब्यावस्थापक ले तोकेको कर्मचारीको स्किृतिमा लगानि गरीनेछ । एकतिस हजार देखी रु पचास हजार सम्म ब्यावस्थापक स्विकृतिमा ,एकाउन्नहजार देखि पाँचलाख सम्म कर्जा उपसमितिको स्विकृतिमा र सो भन्दा माथिको कर्जामा संचालक समिति को स्विकृतिमा लगानि गरीनेछ। परीयोजना कर्जा र थप कर्जा लागी जति पनि रकम संचालक समितिले मात्र स्विकृतगरे लगानि गरीनेछ ।

## परीच्छेद ७

**१.थप कर्जा लगानि**

क) ऋण मागकर्ता सदस्यले संस्थावाट कुनै प्रकारको ऋण लिएको भए सोको साँवा व्याज संस्थालाई वुझाइसकेको हुनुपर्नेछ । तर सदस्य नियमित छ आम्दानिको स्रोत पनि छ ,अन्य कुनै बित्तिय संस्था ,सहकारी तथा ब्यक्ति बाट कर्जा लिएको छैन , कर्जा कारोवार पनि राम्रो छ , कर्जा भन्दा सम्पती धेरै छ , ब्यावसाय चलाउन तथा चलिरहेको लाई अलिक ब्यावस्थापन गर्न रकम चाहिएको अवस्थामा कर्जा उपसमिति ब्यावस्थापक तथा संचालक समितिको रोहवरमा सो सदस्यलाई कर्जा रकम माग गर्न दिईने छ । स्वरोजगार तथा लामो अवधिको कर्जा लिएका सदस्यलाई पनि तिनको अवस्थाहेरी अथवा बिना धितो कर्जा चलाई रहेको तर धितो मा थप रकम चाहिएको अवस्थामा पनि संस्थाका पदधिकारीले सोको मुल्लयांकन गरी कर्जा तिर्ने आधार हरु हेरी थप कर्जा माग गर्न दिईनेछ ।

## परीच्छेद ८

**१) ऋण लगानी गर्दा प्राथमिकता दिने आधारहरु**

क) नियमित वचत गर्ने सदस्य,

ख) ऋणको साँवाव्याज भाखा भित्र भुक्तानी गर्ने सदस्य

घ) सदस्यको इमान्दारिता, संस्थाप्रतिको योगदान, परियोजनाको प्रकृती, संचालन गर्ने सीप दक्षता, ऋण तिर्ने सामर्थ्य, आर्थिक अनुशासनका साथै अन्य आधारहरु ।

घ सामाजिक साँसकृतिक अनुसासन राम्रो भएको ।

ङ)माथिको आधार हरु नपुगेको खन्डमा कर्जा दिन संस्था बाध्य हुने छैन

## परीच्छेद ९

**१) ऋणको सिमा र भाखा**

कर्जा लगानि गर्दा संस्थाले कर्जा को सिमा प्राथमिक पुँजिको अधिक्तम १०% सम्म न्युनतम सदस्य लाई आवश्क रकम सम्म मात्र हुने छ । सो कर्जामा भाखा एक लाख भन्दा मुनिको कर्जा लाई एक बर्ष सो भन्दा माथिको कर्जा लाई सदस्य ले तिर्ने आम्दानिको आधारहेरी सदस्यसंगको प्रामर्शमा अधिकतम ५ बर्ष सम्मको भाखा रहनेछ । सो अन्तरालमा मासिक रुपमा ब्याज र त्रैमासिक रुपमा अनिर्वाय ब्याज किस्ता तिर्नुपर्नेछ ,सो अवधि भन्दा अगाडि जुन सुकै समयमा कर्जाको रकम जति पनि तिर्न सकिनेछ ब्याज तथा किस्ताको चालु महिना भरको हर्जाना लिईनेछैन । चालु महिना भन्दा १ दिन पनि भाखा नाघेमा मासिक २ प्रतिसत ब्याज र किस्तामा छुट्टा छुटैगरी हर्जाना जोडिनेछ । सो कुरा तमसुक बनाउदा स्विकार गर्नुपर्नेछ ।

## परीच्छेद १०

**१ ऋणलिदा लाग्ने शुल्क**

कर्जा लिदा सदस्यले तपशिल बमोजिमको दस्तुर तथा शुल्क संस्थामा बुझाउनु पर्नेछ ।

तपशिल

**क) बिना धितोमा लागी शुल्क**

१) कर्जा माग फारम शुल्क प्रति कर्जा रु २००/–

२.) व्यावस्थापन शुल्क कुल कर्जाको १.५%

३) कर्जा सुरक्षण कोष(कर्जा सुरक्षण काृष को कार्यबिधि अनुसार )

ख) धितो कर्जा

१) कर्जा माग फारम शुल्क प्रति कर्जा रु २००/–

२.) व्यावस्थापन शुल्क कुल कर्जाको १.५%

३) मुल्यांकन शुल्क कुल कर्जामा १% (जग्गा मुल्यांकन गर्दा मात्र )

## परीच्छेद १०

**१) शेयर खरिद गर्नुपर्ने**

कर्जा लिदा सदस्यले तपशिल बमोजिमको शेयर खरीद गरी संस्थामा बुझाउनु पर्नेछ । बिना बितो कर्जा कालागी कुल कर्जाको १०% र धितो कर्जाका कर्जाका लागी कुल कर्जामा ५% एक पटकका लागी मात्र खरीद गरी पर्नेछ । फेरी कर्जा लिनु पर्दा या थप कर्जा चाहिएमा पहिलो पटक लिएको कर्जा भन्दा बढि लिएमात्र शेयर खरीद गनुपर्नेछ । अन्यथा दरीद गर्नुपर्ने छैन

## परीच्छेद ११

**१) ऋण निकाशी**

अनुसुचि २ अनुरुपको तमसुक लेखि लेखाई ३ बमोजिमको पारीवारीक मन्जुरीनामा ४ बमाजिमको लगानि पुर्व कर्जा अवलोकन फारम ५ बमोजिमको जमानि पत्र भरी परीच्छेद ७ अनुसारको सम्पुर्ण कार्य गराई परीच्छेद १५को शुल्क तथा परीच्छेद १७को शेयररकम खरीद गरी सकेपछि ब्यावस्थापक तथा निजले तोकेको ब्यक्तिले लगानि पुर्जा दिए पछि काउन्टर बाट चेक वा नगद रकम ,निकासा गनुपर्नेछ ।

## परीच्छेद १२

**१. छुट सुबिधा**

क) संस्थामा असल कार्य गरे बापत संस्थाले ग्रीन कार्ड प्रदान गरेपछि वा संस्थामा एकलाख भन्दा धेरै शेयर खरीद गरेको सदस्य लाई कर्जामा १% ब्याज छुट गरीनेछ ।

ख) संस्थामा कर्जा तिर्न ढिलाई गरेको सदस्यलाई हर्जना बापत बुझाउनुपर्ने रकम सम्स्या , अवस्था , संस्थमा गरेको योगदान , पुराना कर्जाको अवस्था हेरी ५०% सम्म हजर्ना छुट गर्न सकिनेछ ।

## परीच्छेद १३

**१ ऋण अनुगमन तथा असुली**

क) ऋण निकाशा भएपछि ऋणको सहि सदुपयोग भएको छ या छैन सोको अनुगमन गर्न ब्यावस्थापक तथा निजले तोकेको ब्यक्ति र ऋण उपसमितीको संयोजक तथा निजले तोकेको सदस्यले ऋण निकाशा भएको १ महिनाभित्र सम्वन्धीत ऋणीको कार्यक्षेत्रमा गइ अनुगमन गर्नुपर्नेछ ।

ख) अनुगमन पश्चात ऋण सदुपयोग भएको वा नभएको जाचवुझ गरि सोको लिखित प्रतिवेदन वुझाउनुपर्नेछ र ऋण सहि सदुपायोग नभएको पाएमा सदुपयोग हुन नसक्नुको कारण सहित खुलाइ आवश्यक कारवाहिको लागि संस्थामा प्रतिवेदन पेश गर्नुपर्नेछ । सदुपयोग भएको कर्जाको नियमित ब्याज र किस्ता अनिवार्य संस्थामा दाखीला हुनुपर्नेछ । यदि कुनै करण बस सो रकम दाखिला हुन नसके सम्वधित लगानि गर्ने कर्मचारी त्यस कर्जाको पहिलो जिम्मेवारी हुनेछ , सो रकम समयमा नबझाई रकमले पुर्ण भाखा नाघेमा निज कर्मचारी बुढुवा तथा ग्रेट रोक्कागरीनेछ । कुल कर्जा लगानि रकमको ४% भन्दा माथि कर्जाको भाखा नाघेमा ब्यावस्थापक मातहतको कर्मचारीको तलव बृद्धि ग्रेड तथा अन्य सेवा सुविधा रोक्क गरीनेछ । ५% कर्जा भाखा नाघेमा कर्जा उपसमितिको को खाजा भत्ता रोक्का गरीनेछ । ५% भन्दा माथि भाखा नाघेमा संचालक समितिको खाजा भत्ता रोक्का गरीनेछ ।
ग) अनुगमन समितीको प्रतिवेदनवाट ऋणको दुरुपयोग भएको देखिन आएमा भाखा नाघेको ऋण सरह ऋण असुली प्रक्रियालाई अगाडि वढाइनेछ ।

## परीच्छेद १४

**१. कोष ब्यावस्था**

कर्जा लगानि गरी सकेपछि संस्थाले कर्जा ब्यावस्थापन तथा जोखिम कम गर्न कर्जा जोखिमकोषको को ब्वस्था गर्नेछ सो अनुसार कर्जालाई तिन भागमा बाँडि तपशिल बमोजिमको ब्यावस्था गरीने छ ।

तपशिल

१)असल कर्जा मा रहेको रकमको १ प्रतिशत
२)आंसिक किस्ता  भाखा नाघेको कर्जा मा ३५ प्रतिशत
३)पुरै किस्ता भाखा नाघेको कर्जामा १०० प्रतिसत

## परीच्छेद १५

**१.बचाउ तथा खारेजि**

कार्जा निति २०७१ लाई यस **ऋण नीति २०७१ पुनरलेखन२०७६**ले खारेज गरीन्छ र कर्जा निति२०७१ बमोजिम भए गरेका सम्पुर्ण कृयाकलापलाई बचाउ गरी सो **ऋण नीति २०७१ पुनरलेखन२०७६**बाटै गरे बमोजिम हुनेछ ।

दर्ता नं. ५४७/२९९/११/०६८/०६९

पान नं. ३०५२१२५३३

# साकार कृषि सहकारी संस्था लि.

राप्ती-सोनारी गाउँपालिका-६ टेपरी, बाँके

मिति २०७........................

## ऋण माग फारम

श्री कार्यकारी प्रमुख/व्यवस्थापक ज्यु
साकार कृषि सहकारी संस्था ली
राप्ती-सोनारी गाउँपालिका-६ टेपरी,
बाँके

विषय -: ऋण माग गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यो निवेदन गरिन्छ की म ........................................................ले साकार कृषि सहकारी संस्था ली. को सदस्य भएबाट नियमित रुपमा कारोबार गरीरहेको हुँदा तपशीलका बिवरण भरी मेरो ........................................................ उद्देश्यका लागि कर्जा उपलब्ध गराइ दिनु अनुरोध गर्दछु ।

## तपशिल

१. बाजेको नाम : ........................................................ २. बाबुको नाम :........................................................

३. सदस्यको नाम :........................................................ ४. ठेगाना :........................................................

५. फोन नं. :........................................................ ६. ऋणको उद्देश्य :........................................................

७. बचत : दैनिक........................मासिक........................ ८. हाल पासबुकमा रहेको रकम :........................................

९. वार्षिक आम्दानी :........................................................ १०. आम्दानीको स्रोत: १................२...............३................

११. गर्न लागेको ब्यवसाय :................................................ १२. ब्यवसाय गर्न लाग्ने रकम :........................................

१३. माग रकम :........................................................ १४. ब्यवसायको प्रकृति :........................................................

१५. ब्यवसायको बजारको अवस्था :...................................... १६. ब्यवसाय पछि हुने आम्दानि :........................................

१७. संस्थाको शेयर किनेको रकम :...................................... १८. परीवारमा काम गर्ने संख्या :........................................

निवेदकको हस्ताक्षर

---

कार्यालयले भर्नु पर्ने कागजात

अनुगमन रिर्पोट

........................................................

........................................................

........................................................

स्विकृत कर्जा रकम :................................

..........................
ऋण समिति संयोजक

अनुसूचि -२

लिखितम् धनीका नाम सहकारी ऐन २०७४ बमोजिम सहकारी विभाग सहकारी कार्यालय बाँकेमा दर्ता नं. ५२७/२९९/११/० मिति २०६८/८/७ मा दर्ता भएको बाँके जिल्ला राप्तीसोनारी गा.पा. वडा नं. ६ स्थित **श्री साकार कृषि सहकारी संस्था** व्यहोर्ने ऋणी .................................... को नाति/नातिनी श्री .................................... को छोरा/छोरी/बुहारी/पत्नी .................................... जिल्ला .......................... गा.पा. वडा नं. ... बस्ने .......................... जिल्लाबाट नागरिकता प्रमाणपत्र नं. ......................वर्ष..... ... को यस संस्था सदस्यता नं. .......................... भएकोले मिति .......................... मा ऋण माग फा श्री.................................... ले ... ......................व्यवसायका लागि यस संस्था समयमा परिमार्जित नीति नियम र कार्याविधको अधिनमा रही आजका मितिमा रु. ..........................................................मात्र)................... प्रतिशत वार्षिक व्याजदरमा कर्जा लिए गर्यौं सौ । सो कर्जा मिति ................... सम्म...............किस्तामा कर्जा चुक्ता गरिसक्ने छु । मासिक त्रैमासिक रुपमा किस्ता भुक्तान गर्नेछु कथम् कदाचीत सो गर्न नसकेमा ब्याज र किस्ताको वार्षिक % का दरले विल पनि तिर्नेछु । त्यो पनि समयमा दिन नसकेमा कर्जाको अवधि सकिएको खण्डमा मेरो/हाम्रो नाममा जारी रहेको च सम्पतीबाट तहाँ सहकारी संस्थाले राष्ट्रिय पत्र पत्रिकामा ३५ दिने सुचना जारी गरि प्रचलित कानुन, नीतिनियम एवं ऐन २०७४, अन्य प्रचलित ऐन, कानुन नियम तथा यस संस्थाले तय गरेका आन्तरिक नीतिनियम कार्यविधि अनुसार अ गरीलिनु भनी मनोमानी राजीखुसीसँग यस सहकारी संस्थाको कार्यालयमा बसी यो तमसुक लेखी/लेखाइ सहीछा गरी श्री साकार-कृषि सहकारी संस्थालाई बुझाएं/बुझायौं र समय सापेक्ष कर्जाको व्याजदर घटबढ भए सो अनुसार गर्ने सही छाप गरिदिएं ।

## धितो सम्बन्धी विवरण

| धितो वालाको नाम/ठेगाना | धितोको विवरण | स्वघोषित मुल्य | मुल्याङ्कन रकम | कैफि |
|---|---|---|---|---|
| | | | | |

## तपसिल
## व्यक्तित धन जमानीको विवरण

| जमानी बस्ने सदस्यको नाम | सदस्यता नं. | ठेगाना | जमानी बस्न कबुल गरेको रकम | ऋणीले भाखा भित्र ऋण चु मेरो घरको चल/अचल वचत तथा शेयर रकमबाट मन्जुर छु भनी सहीछाप ग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ऋणीको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

ऋणीको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

साक्षी

१) .................. जिल्ला .................. न.पा./गा.पा. .......... वडा .................. टोल बस्ने वर्ष .......... को श्री ..................

२) .................. जिल्ला .................. न.पा./गा.पा. .......... वडा .................. टोल बस्ने वर्ष .......... को श्री ..................

तमसुक तयार पार्नेको सही ..................

तमसुक प्रमाणित गर्नेको सही ..................

अनुसूचि २

# मञ्जुरीनामा

लिखितम् मञ्जुरीनामा दिने हामी एका घर परिवारका सदस्य जिल्ला बाँके राप्ती सोनारी गा.पा. वडा नं. ६ स्थि
साकार कृषि सहकारी संस्था लिमिटेडबाट त्रृण लिनका लागि मिति २०७ / / मा पेश गरेको त्रृण माग
बमोजिम श्री ........................................को नाती नातीनी श्री.......................................
छोरा/छोरी/बुहारी बाँके जिल्ला ..............................गा.पा. वडा नं. .......बस्ने नागरीकता प्रमाण-
.............................बाँके जिल्लाका वर्ष ........का धनी संस्थाको सदस्यता नं .......................बाँके
........................................................ले ........................................................व्यवसाय गर्न भनि पेश
त्रृण निवेदनमा उल्लेखीत सर्तहरू र संस्थाको नीति नियम र निर्देशन पालना गर्ने गरि तपसिल बमो
मेरो/हाम्रो नामको जायजेथा अचल सम्पती जिल्ला..............................नक्सा नं. ........
.........................क्षेत्रफल........................जग्गा धितो राखी/नराखी एकाघर सगोलको परिवारको सदस्य
श्री साकार कृषि सहकारी संस्था लि. बाट त्रृण लिएमा मञ्जुरी छौ। जुन कार्यको लागि त्रृण लिएको हो, सो
नलगाएमा वा भाखा भित्र साँवा तथा ब्याज रकम बुझाउन नआएमा संस्थाको नियमानुसार लाग्ने हर्जाना/
शुल्क समेत नबुझाएमा मेरो/हाम्रो एकाघरको नाममा रहेको माथि उल्लेखीत चल अचल सम्पती तथा आयर
असुल उपर गरिलिएमा म/हामी कहि कतै उजुर बाजुर गर्ने छैनौ, गरेमा यसै मञ्जुरीनामाको कागजलाई
मानी नेपालको कानून सहकारी ऐन २०७४ नियमावली २०७५ र प्रदेश तथा स्थानीय सहकारी ऐन तहाँ स
संस्थाको विनियम २०६८ र त्रृण नीति २०७१ र संसोधीत नीतिहरू बमोजिम सहुँला बुझाउला भनि मेरो
मनोमान राजिखुसी, होस हवास दुरूस्तीका साथ फड्के किनाराका साक्षीका रोहबरमा यसै संस्थामा
पारीवारीक मंजुरीनामाको कागजमा सहीछाप गरि तपाई श्री साकार कृषि सहकारी संस्था लिमिटेड राप्ती
गा.पा.-६, टेपरी बाँकेलाई दियौं।

## एकाघर परिवारको मञ्जुरीनामा दिने व्यक्तिको विवरण

| क्र. सं. | एकाघर परिवारको नाम थर | सदस्यसँग नाता | ठेगाना | औंठाको छाप | |
|---|---|---|---|---|---|
| | | | | दायाँ | बा |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**साक्षी**

१. बाँके जिल्ला राप्तीसोनारी ग.पा./गा.पा. ..........वडा..........टोल बस्ने वर्ष ..........को श्री..........

२. बाँके जिल्ला राप्तीसोनारी ग.पा./गा.पा. ..........वडा..........टोल बस्ने वर्ष ..........को श्री..........

तयार पार्ने..........

प्रमाणित गर्ने..........

# साकार कृषि सहकारी संस्था लि.

दर्ता नं. ५४७/२९९/११/०६८/०६९
पान नं. ३०५२१२५३३

राप्ती सोनारी गाउँपालिका-६, टेपरी, बाँके

## लगानीपूर्व स्थलगत निरीक्षण फाराम

मिति:................................

१. कर्जा लिने व्यक्तिको नाम :.................................................................................................................................................................
२. ठेगाना (पुरै स्थान खुल्ने गरी) :..........................................................................................................................................
३. कर्जाको उद्देश्य :..................................................................................................................................................................
४. उद्देश्य अनुसारको कार्य के कस्तो भएको छ ?
.............................................................................................................................................................................................
५. कर्जाको लागि पारिवारिक सहमति कस्तो छ ?
.............................................................................................................................................................................................

**६. सम्पत्ति विवण:**

**६.१.चल सम्पत्ति**

मोटरसाईकल............थान, साईकल.........थान, बाखा.........ओटा, कुखुरा.........वटा, हाँस............वटा
बंगुर........वटा, भैसी.........वटा, राँगा.........वटा, गोरु.........वटा, अन्य चल सम्पत्तिहरु................।

**६.२.चल सम्पत्ति**

दर्तावाला जमिन बारी............................ बिगाह, ऐलानी जमिन बारी.....................बिगाहा
दर्तावाला जमिन खेत............................ बिगाहा, ऐलानी जमिन खेत...................बिगाहा

**७. पारिवारिक सदस्या विवरण:**

परिवारिक सदस्या संख्या...................जना, महिला............ पुरुष...............
५० वर्ष माथिका सदस्य....................जना, महिला............ पुरुष................
१८ देखि ४० वर्षसम्मका सदस्य..............जना, १० देखि १८ वर्षसम्मका सदस्य................. जना।

**८. आम्दानी स्रोत :**

आन्तरिक स्रोत कृषिबाट..................................
ज्याला गजदुरीवाट................................
पशुपालनबाट.................................................
अस्थाई नोकरीबाट................................
स्थाई नोकरीबाट..........................................
बैदेशिक रोजगारवाट.............................

**९. अन्य बित्तिय संस्थासँगको कारोबार**

| बित्तिय संस्थाको नाम | कर्जा लिएको रकम | कर्जा तिर्न बाँकी रकम | कैफियत |
|---|---|---|---|
| | | | |

**छिमेकिको राय ।**

१. व्यक्तिगत छबि कस्तो छ ?
.................................................................................................
२. कर्जा तिर्ने उत्सुकता कतिको प्रबल छ ?
.................................................................................................
३. कर्जा लिने व्यक्तिको आम्दानीको स्रोत के-के छन् ?

**निरीक्षक**

.................................................................................................
४. माथि उल्लेखित विवरण तपाईंको राय ।
.................................................................................................

नाम :-
पद :-

अनुसूचि ५

# जमानत पत्र

लिखितम् धनि बाँके जिल्ला राप्तीसोनारी गाँउपालिका वडा नं. ६ स्थित साकार कृषि सहकारी संस्था लि. धन व्यहोर्ने ऋणी श्री ................................कौ नाति/नातिनी श्री .......................................का छोरा/छोरी/बुहारी ......................गाँउपालिका वडा नं. .......बस्ने........वर्षको ना.प्र.नं......................जारी जिल्ला.............जारी मिति..............को श्री.............................ले.....................व्यवसायका लागि लिएको कर्जा रकम रु.................अक्षरुपी.................................................) ठिक साँचो हो। उक्त कर्जा हाम्रो समुह का तपसिलमा रहेका सम्पूर्ण सदस्यको जमानतमा साकार कृषि सहकारी संस्थाले कर्जा दिएको हो उक्त कर्जा निजले संस्थाको विनियम २०६८ र कर्जा मिति २०७१ संसोधित नीति अनुसार समयमा कर्जाको साँवा व्याज तिर्नु पर्नेछ अन्यथा संस्थाले तोके बमोजिम विलम्ब शुल्क पनि लिनेछ। निज ऋणीले उक्त कर्जा नतिरे हामी समुहका सदस्यले आफ्नो बचत, शेयरबाट कर्जा तिर्ने छौं। हाम्रो बचत शेयरले पनि न पुगेमा हाम्रो एकाघर परिवारको चलअचल सम्पतिबाट संस्थाले असुल उपर गरेमा हामी सम्पूर्ण सदस्य मञ्जुर छौं। कोहि कसैबाट हैन छैन भनि आएमा यो जमानत पत्रले सबै कुरा बदर हुनेछ भनि पुर्ण होस हवासका साथ संस्थाको कार्यालयमा बसि सहि छाप गरि दियौं।

## तपसिल

## सामुहिक धन जमानीको विवरण

| नाम | ठेगाना | जमानी बस्ने कबुल गरेको रकम | औलाको छाप | |
|---|---|---|---|---|
| | | | दायाँ | बायाँ |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

# साकार कृषि सहकारी संस्था लि.

## राप्तीसोनारी गाँउपालिका  वडा नं.६

## टेपरी बाँके

भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६

## साकार कृषि सहकारी संस्था लि.राप्तीसोनारी गाँउपालिका वडा नं.६
## टेपरी बाँके

### भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६

१ **प्रस्तावना** यस संस्थाले आफना सदस्यहरुलाई लगानी गरेको ऋणको अवस्थालाई गुणस्तरिय र विश्वसनीय वनाइ राख्नु नै यो नितीको उदेश्य हो ।

२ यो **भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६** मिती २०७६ साल फागुन ०१ गतेदेखी लागु हुनेछ ।

३ **परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस **भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६ मा**

क) **संस्था** भन्नाले साकार कृषि सहकारी संस्था लि. लाई सम्झनुपर्दछ ।

ख) **समूह** भन्नाले संस्थामा आवद्ध वचत समूहलाई सम्झनुपर्दछ ।

ग) **भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६** भन्नाले यो **भाखा नाघेको ऋण र असुली नीति २०७१पुनरलेखन २०७६** लाई जनाउनेछ ।

घ) **सदस्य** भन्नाले संस्थाका वचतकर्ता शेयर सदस्यलाई जनाउनेछ ।

ङ) ऋणी भन्नाले संस्थाको रकम निश्चित समय र सिमा कालागी ब्याज तिर्ने हेतुले साँवा ब्याज फिर्ता गर्ने गरी संस्थाकाट तमसुक बनाई लिएकोल रकम लाई बुझाउनेछ ।

च) **ऋणी सदस्य** भन्नाले संस्थाको रकम निश्चित समय र सिमा कालागी ब्याज तिर्ने हेतुले साँवा ब्याज फिर्ता गर्ने गरी संस्थाकाट तमसुक बनाई ऋण लिएको सदस्य लाई बुझाउनेछ ।

छ) भाखा नाघेको ऋण भन्नाले कर्जा बुझाउने समय म्याद सकिए पनि रकम बुझाउन बाँकि रहेको कर्जा रकम तिर्न आना कानि गरेको कर्जा रकम लाई भाखा नाघेको ऋण भन्ने बुझाउनेछ ।

**४ भाखा नाघेको ऋणको प्रकार**

भाखा नाघेको ऋणलाई देहाय वमोजिम २ भागमा विभाजन गरिनेछ ।

क) आंसिक भाखा नाघेको (किस्ताले भाखा नाघेका किस्ताकोमात्र समय सकिएको )

ख) कुल भाखानाघेको ( सम्झौता मिति ले पुरै समय सकिएको )

**५ भाखा नाघेको ऋणको लागि कोष व्यवस्था**

प्रत्येक महिनाको अन्त्यमा भाखा नाघेको ऋणको लागि देहाय वमोजिम भाखा नाघेको ऋणको लागि व्यवस्था कोष को व्यवस्था गरिनेछ ।

क) प्रकरण ५(क) को लागि ऋण रकमको ३५ प्रतिशत

ख) प्रकरण ५(ख) को लागि ऋण रकमको रकमको १०० प्रतिशत

**६ भाखा नाघेको ऋणको असुली तरिका**

| क्र. सं | भाखा नाघेको अवधी | ताकेता |
|---|---|---|
| १ | भाखा नाघेको ७-१५ | स्मरण पत्र पठाउने |
| २ | भाखा नाघेको थप १५ दिन भित्र | तपाईले विर्सनुभयो की भनेर दोहोर्‍याएर पत्र पठाउने । |
| ३ | थप ३० दिन भित्र | तपाईले चुक्ता गर्नुपर्ने पुरानो भुक्तानी पाइन्थ्यो की भनेर सदस्यलाई तेस्रो पत्र पठाउने । जमानी वस्ने व्यक्ति भए सो व्यक्तिलाई समेत १ प्रति पठाउने । |
| ४ | थप ३० दिन भित्र | यो तपाईको अन्तिम अवसर हो भनेर अन्तिम पत्र पठाउने । साथै सदस्य र जमानीलाई भेटन अनुरोध गर्ने । |
| ५ | थप १५ दिन भित्र | ब्यावस्थापक तथा निजले अह्रायको ब्यत्ति ऋणीको घरमा गएर ऋण भुक्तानीको लागि अनुरोध गर्ने । |

| | | |
|---|---|---|
| ६ | थप १५ दिन भित्र | ऋण उपसमिती र ब्यास्थापक सयुक्त रुपमा ऋणीको घरमा गएर ऋण भुक्तानीको लागि ताकेता गर्ने । |
| ७ | थप १५ दिन भित्र | ब्यावस्थापक ऋण उपसमिती र संचालक समितीका पदाधिकारीहरु समेत ऋणीको घरमा गएर ऋण असुलीको लागि ताकेता गर्ने । |
| ८ | थप १५ दिन भित्र | क) वचत धितोको आधारमा लिएको ऋणको हकमा निज ऋणीको नाममा रहेको वचत तथा शेयर रकम र जमानी वसेको भए सो जमानी वस्नेको जमानी दिएको रकमवाट असुल उपर गर्ने । सोवाट पनि अपुग भएमा ऋणी र जमानि को घरघरानावाट असुलउपर गरि निजको सदस्यता खारेज गर्ने ।<br>ख) अचल सम्पत्ती धितोजमानतमा लिएको ऋणको हकमा माथीको प्रक्रिया पुरा गरि ऋण असुल नभएमा कानुन वमोजिम धितो लिलाम प्रक्रिया अगाडि वढाईनेछ । |